Reg. 20/1205/057/085

*Media for Human Rights and Democracy*

# मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल

# Institute of Human Rights Communication, Nepal (IHRICON)

श्रृंखला- ४

## सञ्चार अनुगमन

### मासिक प्रतिवेदन- जेठ २०७१

राजधानीबाट प्रकाशित दैनिक अखबारहरुको अनुगमन गर्दा २०७१ को जेठ महिनामा मुलुकभर महिला हिंसाका ३१ घटना भएको पाइएको छ ।

काठमाडौंबाट प्रकाशित राष्ट्रिय दैनिकहरुका अनुसार यस महिनामा १० महिलाको हत्या भएको छ भने बलात्कार र बेचविखनमा ६-६ महिला परेका छन् । यसैगरी ४ महिला हत्या प्रयासबाट पीडित भएका छन् । घरेलु हिंसा, बन्धक, घाइते, बोक्सीको आरोप तथा यौन दुर्व्यवहारमा १-१ महिला परेका छन् ।




सञ्चार अनुगमनका क्रममा आफ्नै श्रीमतीको नाममा नक्कली फेसबुक एकाउन्ट खोलेर अर्कै युवतीको नग्न तस्वीरमा श्रीमतीको टाउको जोडेर पोष्ट गरेको अभियोगमा प्रहरीले काठमाडौंबाट एक व्यक्तिलाई पक्राउ गरेको अनौठो समाचार पनि देखिएको छ । त्यसैगरी हेटौंडामा श्रीमान्स्वयम् लागेर एक महिलाको सामूहिक बलात्कार गरेको घटना पनि सार्वजनिक भएको छ ।

अखबारहरुले यस महिनामा हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना २० वटा पहिचान गरेका छन् जसमा बलात्कारको शिकारमा १० बालिका परेको देखिन्छ । कुटपिटमा ५ बालबालिका, हत्या प्रयासमा ३ बालबालिका र यौन दुर्व्यवहारमा २ बालिका परेका छन् ।

कुटपिटमा परेका ५ बालबालिकामध्ये ४ बालक र १ बालिका रहेका छन् । गृहकार्य नगरेको भन्दै सजाय दिने क्रममा १ बालिका र २ बालक शिक्षक/शिक्षिकाबाट निर्घात कुटिएका छन् । त्यसैगरी २ बालक मोबाइल चोरी गरेको अभियोगमा कुटपिटमा परेको समाचारमा उल्लेख छ ।




मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हतियारजन्य हिंसासँग सम्बन्धित घटनाको पनि अनुगमन गरेको छ । अखबारहरुका अनुसार जेठ महिनामा भएका हतियारजन्य हिंसाका घटनामा महिला र पुरुष गरी १५ जना प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा ९ पुरुष र ६ महिला प्रभावित भएका हुन् । प्रभावित हुने पुरुषमा ३ को मृत्यु भएको छ भने ६ घाइते छन् । त्यस्तै ३ महिलाको मृत्यु भएको छ भने ३ महिला घाइते बनेका छन् ।



हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल १६, मध्यमाञ्चल १४, पश्चिमाञ्चल ३, मध्य-पश्चिमाञ्चल ७ र सुदूर पश्चिमाञ्चलमा २ को संख्यामा रहेको देखिन्छ ।




मासिक रुपमा नियमित प्रकाशित गरिने सञ्चार अनुगमनमा यस पटक इह्रिकनले गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टमा प्रकाशित समाचारका आधारमा सञ्चार अनुगमन गरेको हो ।

जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।